सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १४४ ♦ २०८२ साल माघ १३ मंगलवार ♦ 27 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## महोत्तरीबाट सात पूर्वमन्त्री चुनावी मैदानमा









**खबर दर्पण समाचारदाता**

**माघ १२ गते, बर्दिवास**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरी जिल्लाबाट सात पूर्वमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । चार निर्वाचन क्षेत्र रहेको महोत्तरी क्षेत्र नं-१ बाट एक, क्षेत्र नं-२ बाट एक, क्षेत्र नं-३ बाट दुई र क्षेत्र नं-४ बाट तीन पूर्वमन्त्री चुनावी मैदानमा होमिएका छन् ।

जिल्लाको क्षेत्र नं १ बाट पूर्वस्वास्थ्य तथा जनसङ्ख्यामन्त्री गिरिराजमणि पोखरेल नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट चुनाव लड्दै छन्। उनीसँगै यस क्षेत्रमा नेकपा (एमाले) का पूर्वसांसद लक्ष्मी महतो र नेपाली कांग्रेसका मुकेश काफ्ले चुनावी मैदानमा छन्।

त्यस्तै क्षेत्र नं २ बाट पूर्वश्रम र ोजगार तथा यातायातमन्त्री शरत्सिंह भण्डारी जनता समाजवादी पार्टी नेपालबाट चुनावी मैदानमा छन्। उक्त क्षेत्रमा नेपाली कांग्रेसकी पूर्वसांसद किरण यादव र नेकपा (एमाले) का कासिम नदाफ पनि प्रतिस्पर्धा गर्दै छन्।

त्यस्तै क्षेत्र नं-३ बाट पूर्वकृषिमन्त्री हरिनारायण यादव र पूर्वगृहराज्यमन्त्री मोहम्मद रिजवान चुनावी मैदानमा छन्। यादवलाई जसपा नेपालले टिकट नदिएपछि उनले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका रिजवानले नेपाल सङ्घीय समाजवादी पार्टीबाट चुनावी मैदानमा छन्।

सो क्षेत्रमा स्वतन्त्र उम्मेदवार रामआधार कापर, नेपाली कांग्रेसका बजरङ्ग नेपाली, जसपा नेपालकी मिनाक्षी ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वलकुमार झा र नेकपा (एमाले) का मनोजकुमार सिंहसँग प्रतिस्पर्धा गर्दै छन्।

त्यसैगरी निर्वाचन क्षेत्र नं ४ बाट पूर्वकृषिमन्त्री महेन्द्रकुमार राय, पूर्वस्वास्थ्य राज्यमन्त्री डा सुरेन्द्र यादव र पूर्व प्रदेश गृहमन्त्री भरतप्रसाद साह चुनावी मैदानमा रहेका छन् । पूर्वमन्त्री महेन्द्रकुमारले नेपाली कांग्रेसबाट, डा सुरेन्द्र जसपा नेपालबाट र भरतप्रसाद नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट चुनाव लड्दै छन्।

यस क्षेत्रबाट एमालेका उम्मेदवार निलम अधिकारी पनि चुनावी मैदानमा छन्।

## नागरिकको सेवक हुन आएको हुँ : कांग्रेस सभापति थापा



**खबर दर्पण समाचारदाता**

**माघ १२ गते, बर्दिवास**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापा आज आफ्नो निर्वाचन क्षेत्र सर्लाही क्षेत्र नम्बर ४ मा पुगेका छन् ।

थापाले धनकौलस्थित क्षेत्र नम्बर ४ को पार्टी क्षेत्रीय कार्यालयबाट कार्यकर्तालाई सम्बोधन गर्दै आफू सर्लाही क्षेत्र नम्बर ४ का नागरिकको सेवक हुन आएको बताएका छन् ।

थापाले यहाँका नागरिकको दुःख-सुखमा सधैं साथ रहने प्रतिबद्धता जनाउँदै मधेसले कांग्रेसलाई लगाएको गुणबारे आफू राम्रोसँग जानकार रहेको बताए । स्वर्गीय नेता प्रदीप गिरीको स्मरण गर्दै उनले गिरीबाटै मधेसबारे धेरै कुरा बुझ्न पाएको उल्लेख गरे ।

परिवारबाट पहाड र काठमाडौँबारे बुझ्ने अवसर पाए पनि अब मधेसबाट आफू नै प्रतिनिधि भएर बुझ्ने अवसर मिलेकोमा उनले खुसी व्यक्त गरे । थापाले दोस्रो विशेष महाधिवेशनबाट पार्टी सभापतिमा निर्वाचित भएपछि पहिलोपटक मधेस आएको जानकारी दिए । कांग्रेस र प्रजातन्त्रलाई मधेसले लगाएको योगदान कहिल्यै भुल्न नसकिने पनि उनले बताए ।

आफूभित्र मधेस र मधेसभित्र आफूलाई ल्याउने प्रयासस्वरूप सर्लाही आएको थापाको भनाइ थियो । उनले सर्लाही-४ र काठमाडौँमा अस्थायी कार्यालय खोल्दै यहाँका नागरिकको समस्या समाधानमा सक्रिय रूपमा लाग्ने कार्यक्रमसमेत सार्वजनिक गरे ।

“अब म यहाँको भाषा, रहनसहन, वेशभूषा, संस्कार संस्कृति सबै पढ्छु र सिक्छु । केही नेता साथीहरुले एक लाइन भए पनि स्थानीय भाषामा सम्बोधन गरिदिनु भन्नुभएको थियो”, उनले भने, “म दुई दिनको चटक देखाउन आएको हैन । त्यसैले सबै सिक्छु अनिमात्रै बोल्छु ।”

एक पटक भए पनि मधेसप्रति समर्पित नभई, मधेसमा आफू र आफूमा मधेस नल्याई सम्पूर्ण रुपमा नेपाली हुन नसक्ने ठानेर आफू मधेस झरेको उनले बताए। करिब १५ मिनेटको सम्बोधनका क्रममा थापाले कुनै राजनीतिक दल वा नेताविरुद्ध आरोप लगाएनन् । आफू कसैविरुद्ध बोल्न नभई नागरिकको सेवक बन्न आएको थापाले स्पष्ट पारे ।

थापाले सोमवार दिउँसो मूर्तियास्थित मुक्तेश्वर बाबाधाम मन्दिरमा दर्शन गरी क्षेत्र नम्बर ४ मा प्रवेश गर्दै औपचारिक रूपमा चुनावी गतिविधि सुरु गरेका हुन् ।

चार दिन सर्लाही मै रहने र त्यसपछि पार्टी सभापतिका हैसियतमा देशका विभिन्न स्थानमा चुनावी कार्यक्रममा सहभागी भई पुनः घरदैलो अभियानका लागि सर्लाही-४ फर्किने उनले जानकारी दिए ।

Gateway Abroad
Changing Dreams Into Reality

EDI
EURO DYNAMICS
International Pvt. Ltd.

STUDY ABROAD



Our experienced counsellors will guide you with various study options based on qualifications, experience, eligibility and budgets

Choose From Most Popular Educational Destinations

EURO DYNAMICS INTERNATION PVT. LTD.
Bardibas, Mahottari (Sindhuli Road)
Cont. +9779844311010, 9844025184
Email- infoeurodynamicsinternational@gmail.com

# महोत्तरी-३ मा बहुकोणीय भिडन्त, चुनावी प्रतिस्पर्धा उत्कर्षमा



बजरङ्ग नेपाली, कांग्रेस मनोजकुमार सिंह, एमाले डा मिनाक्षी ठाकुर झा, जसपा उज्ज्वल झा, रास्वपा रामआधार कापर, स्वतन्त्र हरिनारायण यादव, स्वतन्त्र

**खबर दर्पण समाचारदाता**
**माघ १२ गते, बर्दिवास**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीको निर्वाचन क्षेत्र नम्बर ३ देशकै सबैभन्दा रोचक र जटिल क्षेत्रमध्ये एकका रूपमा देखिएको छ। विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवार गरी ४१ जनाले उम्मेदवारी दर्ता गराएपछि यहाँको प्रतिस्पर्धा बहुकोणीय र अप्रत्यासित मोडतर्फ उन्मुख भएको छ।

राजनीतिका जानकार तथा सेवा निवृत्त सहप्राध्यापक ध्रुव रायका अनुसार क्षेत्र नम्बर ३ मा चुनावी सरगर्मी असाधारण रूपमा बढेको छ। उहाँ भन्नुहुन्छ, "यो क्षेत्रमा मुख्य रूपमा नेपाली कांग्रेसका बजरङ्ग नेपाली, नेकपा (एमाले)का मनोज सिंह, जनता समाजवादी पार्टी नेपालकी डा. मिनाक्षी ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वल झा र स्वतन्त्र उम्मेदवार रामआधार कापर बीच कडा प्रतिस्पर्धा हुने देखिन्छ।" रायका अनुसार मतदातामा उत्साह त छ, तर पुरानै शैली र दोहोरिएका एजेन्डाप्रति उनीहरू अब सजगताका साथ निर्णय गर्ने अवस्थामा पुगेका छन्।

दलका शीर्ष नेतृत्वले मनोनयन दर्ताको अन्तिम समयमा उम्मेदवार हेरफेर गरेपछि असन्तुष्ट बनेका नेताहरू स्वतन्त्र रूपमा मैदानमा उत्रँदा प्रतिस्पर्धा झनै पेचिलो बनेको छ। यही कारणले यस क्षेत्रको चुनावलाई पूर्वानुमान गर्न कठिन भएको र राजनीतिक विश्लेषकहरू बताउँछन्।

उम्मेदवारहरू शिक्षा, स्वास्थ्य, कृषि, सडक, पुल-पुलेसा र रोजगारीजस्ता आधारभूत विषयलाई मुख्य एजेन्डा बनाएर घरदैलो अभियानमा सक्रिय देखिन्छन्। तर मतदाता भने विगतमा पटक-पटक सुनिएका एजेन्डामात्रै लिएर आउने उम्मेदवारप्रति सहजै विश्वास गर्ने मनस्थितिमा छैनन्।

२०७४ र २०७९ सालको निर्वाचनमा यसै क्षेत्रबाट लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष तथा हाल जसपा नेपालका संरक्षक महन्थ ठाकुर विजयी हुनुभएको थियो। तर उहाँ राष्ट्रिय सभातर्फ जानु भएपछि यसपटक जसपाले अन्तिम समयमा ठाकुरकै छोरी डा. मिनाक्षी ठाकुरलाई उम्मेदवार बनाएको छ। यस निर्णयले पार्टीभित्र विवाद चर्किएको छ। पूर्वकृषिमन्त्री हरिनारायण यादवले पार्टीमा परिवारवाद हावी भएको आरोप लगाउँदै स्वतन्त्र उम्मेदवारी दिएर डा. ठाकुरलाई सीधा चुनौती दिनुभएको छ।

यादवले पार्टीको साधारण सदस्यसमेत नरहेकी व्यक्तिलाई उम्मेदवार बनाउनु विधान विपरीत भएको दाबी गर्दै आफ्नो उम्मेदवारी बाध्यात्मक भएको स्पष्ट पार्नुभएको छ। उता डा. मिनाक्षी ठाकुरले भने विगतमा आफ्ना पिता महन्थ ठाकुरले सुनिश्चित गर्नुभएका अधिकार लाई संस्थागत र पूर्णता दिन उम्मेदवारी दिएको बताउँदै शिक्षा, स्वास्थ्य, रोजगार र पूर्वाधार विकासलाई प्राथमिक एजेन्डा बनाएको बताउनुभएको छ।

नेकपा (एमाले)का नेता रामआधार कापरले पनि स्वतन्त्र उम्मेदवारी दिनुभएको छ। संविधानसभा सदस्यदेखि प्रतिनिधिसभा सदस्यसम्म पटक-पटक चुनाव लडिसक्नु भएका कापरले पार्टीबाट एकल नाम सिफारिस हुँदाहुँदै टिकट नपाउनु रहस्यमय भएको बताउँदै समाजको हितका लागि आफू मैदानमा उत्रिएको दाबी गर्नुभएको छ।

यसअघि महन्थ ठाकुरलाई समर्थन गर्दै आएको नेपाली कांग्रेसले यसपटक बजरङ्ग नेपालीलाई उम्मेदवार बनाएपछि प्रतिस्पर्धा थप कडा बनेको छ। नेता नेपालीले किसानका समस्या, बाढी-सुक्खा, चुरे संरक्षण, शिक्षा-स्वास्थ्य सुधार, सुशासन र भ्रष्टाचार नियन्त्रणलाई मुख्य मुद्दा बनाएको बताउनुभएको छ।

त्यसैगरी २०७९ मा प्रदेशसभा चुनावमा स्वतन्त्र उम्मेदवार बनेर पराजित भएका उज्ज्वल झा यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका छन्। नयाँ राजनीतिक सोच र परिवर्तनको नाराले युवामाझ आकर्षण बढाएको छ।

५९ हजार ९५० पुरुष र ५० हजार ८८६ महिला गरी १ लाख १० हजार ४३६ मतदाता रहेको यस क्षेत्रमा ४१ उम्मेदवार बीचको प्रतिस्पर्धाले नतिजा पूर्णतः अनिश्चित बनाएको छ। यही अनिश्चितताले महोत्तरी-३ लाई देशकै सबैभन्दा चासोको निर्वाचन क्षेत्रका रूपमा उभ्याएको छ।

# पूर्व राजा ज्ञानेन्द्र साहले गरे जानकी मन्दिरमा पूजा पाठ



**खबर दर्पण समाचारदाता**
**माघ १२ गते, बर्दिवास**

पूर्वराजा ज्ञानेन्द्र शाहले जनकपुर स्थित जानकी मन्दिरको दर्शन गर्नुभएको छ ।

सोमबार साँझ जानकी मन्दिर पुगेर शाहले पूजाआजाका साथै दर्शन गर्नुभएको हो ।

जानकी मन्दिरमा पूर्वराजा शाहलाई जानकी मन्दिरका महन्थ राम तपेश्वर दासले स्वागत गर्नुभएको थियो भने शाहका समर्थकहरु मन्दिरमा पुगेका थिए । शाहले जनकपुर मा समर्थकहरुसंग पनि भेटघाट गर्ने बुझिएको छ । उहा आइतबार नै जनकपुर पुग्नुभएको हो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# आचारसंहिता उल्लंघनका उजुरीमा आयोगद्वारा धमाधम स्पष्टीकरण माग




**खबर दर्पण समाचारदाता**
**माघ १२ गते, बर्दिवास**

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार , सरकारका पदाधिकारी र गैह्रसरकारी संस्थालाई स्पष्टीकरण मागेको छ ।

यही माघ ४ गते राति १२ बजे निर्वाचन आचारसंहिता लागू भएदेखि माघ ११ गतेसम्म आठवटा स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् । राष्ट्रिय समाचार समिति (रासस) का अनुसार आयोगले काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रहेका वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई माघ ७ गते स्पष्टीकरण सोधेको थियो । दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरे पनि हालसम्म जवाफ प्राप्त नभएको श्रीसले बताइन् ।

काठमाडौं जिल्ला क्षेत्र नं ४ का उम्मेदवार भण्डारीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (च) अनुसार स्पष्टीकरण मागिएको हो । सो दफाअनुसार ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था छ । यसैगरी कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) अनुसार स्पष्टीकरण सोधिएको हो । सो दफामा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणको विषय उल्लेख छ । सो दफाको खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने भन्ने व्यवस्था छ । यही व्यवस्था पालना नभएको भनी आयोगमा उजुरी परेको हो ।

दोलखा जिल्ला निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरिएको थियो । हालसम्म स्पष्टीकरण माग गरिएका आठ जनामध्ये खरेलले मात्र स्पष्टीकरण पेस गरेको आयोगका सहायक प्रवक्ता श्रीसले जानकारी दिइन् । खरेलले गल्ती, कमीकमजोरी भएको भए सुधार गर्ने भनी पेस गरेको स्पष्टीकरण चित्तबुभ्दो भएकाले अब गल्ती, कमी कमजोरी नगर्ने गरी सचेत गराइएको आयोगले जनाएको छ । आयोगले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा दुई दिनभित्र स्पष्ट जवाफ पेस गर्न माघ ८ गते स्पष्टीकरण सोधेको थियो । त्यसको जवाफ पनि प्राप्त भएको छैन । यसै विषयमा आयोगले राष्ट्रिय खेलकुद परिषद्लाई पनि दुई दिनभित्र स्पष्टीकरण पेस गर्ने गरी माघ ८ गते नै स्पष्टीकरण सोधेको थियो । परिषद्ले हालसम्म आयोगलाई स्पष्टीकरण पेस गरेको छैन । सरकार मातहतकै परिषद्लेसमेत आयोगलाई समयभित्र स्पष्टीकरण पेस नगरेको हो ।

नेपाली कम्युनिस्ट पार्टी जाजरकोटका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि आयोगले माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) बमोजिम माघ ९ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । आचारसंहिताको दफा १३ मा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण उल्लेख छ । बस्नेतले पनि हालसम्म स्पष्टीकरण बुझाएका छैनन् । कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीलाई पनि माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) बमोजिम तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । उनले पनि आयोगलाई स्पष्टीकरण बुझाएका छैनन् । राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट ओखलढुङ्गा जिल्ला निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विश्वराज पोखरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ण) बमोजिम माघ १० गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । यसको जवाफ पनि प्राप्त नभएको आयोगले जनाएको छ ।

# सर्लाही-४ : गगन थापा र अमरेश कुमार सिंहको रोचक भिडन्त

**खबर दर्पण समाचारदाता**
**माघ १२ गते, बर्दिवास**





आसन्न प्रतिनिधि सभा निर्वाचन अन्तर्गत सर्लाही क्षेत्र नम्बर ४ मा हुने प्रतिस्पर्धा निकै रोचक हुने आकलन गरिएको छ ।

यो निर्वाचन क्षेत्रबाट ०७९ को निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा अमरेश कुमार सिंह निर्वाचित भएका थिए । नेपाली कांग्रेस र तत्कालीन माओवादी केन्द्रको गठबन्धनका बाबजुद यो क्षेत्रमा कांग्रेस पराजित भएको थियो । यद्यपि, आसन्न निर्वाचनमा यसै क्षेत्रबाट नेपाली कांग्रेसका सभापति गगनकुमार थापा उम्मेदवार बनेका छन् ।

सर्लाही-४ मा एमालेबाट अमनिश कुमार यादव, नेपाली कम्युनिस्ट पार्टीबाट रजनिस राय उम्मेदवार छन् । अमरेशकुमार सिंहले यो पटक राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएका छन् ।

यहाँ जसपा नेपालबाट रामेश्वर राय यादव, जनमत पार्टीबाट राकेश कुमार मिश्र, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट रामचरित्र सहनी, उज्यालो नेपाल पार्टीबाट पीताम्बर कुशवाहा लगायत उम्मेदवार छन् ।

जिल्लाको दक्षिणपश्चिम भागमा पर्ने सर्लाही-४मा मधेसी मूलका मतदाताको बाहुल्यता छ । यहाँ कुल एक लाख २१ हजार १२ मतदाता छन् ।

यो निर्वाचन क्षेत्रमा बरहथवा नगरपालिकाका १, २, ३, ४, १३, १४, १५ गरी सात वटा वडा, गोडैटा नगरपालिकाको १ देखि १२ सम्मका वडा, धनकौल गाउँपालिकाका १ देखि ७ नम्बरसम्मका वडा, बलरा नगरपालिकाका १ देखि ११ नम्बर वडासम्म, बसबरीया गाउँपालिकाका १ देखि ३ नम्बर सम्मका वडा, रामनगर गाउँपालिकाका १ देखि ७ नम्बर सम्मका वडा र विष्णु गाउँपालिकाका १ देखि ४ नम्बर सम्मका वडा पर्दछन् ।

कुन वडामा कति मतदाता ?

बरहथवा नगरपालिका
वडा नम्बर १- ३,४४७
वडा नम्बर २- २,८९५
वडा नम्बर ३- ३,३९३
वडा नम्बर ४- १,१७८
वडा नम्बर १३- २,३३२
वडा नम्बर १४- २,२०२
वडा नम्बर १५- २,४०५

गोडैटा नगरपालिका
वडा नम्बर १- १,२५२
वडा नम्बर २- ३,६२६
वडा नम्बर ३- २,८३४
वडा नम्बर ४- १,८५५
वडा नम्बर ५- ३,४१४
वडा नम्बर ६- २,०९६
वडा नम्बर ७- २,१५१
वडा नम्बर ८- २,२८१
वडा नम्बर ९- २,०७०
वडा नम्बर १०- ३,०१२
वडा नम्बर ११- ३,४७६
वडा नम्बर १२- २,५२३

धनकौल गाउँपालिका
वडा नम्बर १- २,९२३
वडा नम्बर २- २,३१६
वडा नम्बर ३- १,८५३
वडा नम्बर ४- २,१५१
वडा नम्बर ५- १,७०८
वडा नम्बर ६- १,४९६
वडा नम्बर ७- २,२५६

बलरा नगरपालिका
वडा नम्बर १- २,०२८
वडा नम्बर २- २,५६८
वडा नम्बर ३- १,८६१
वडा नम्बर ४- २,४४१
वडा नम्बर ५- २,३४०
वडा नम्बर ६- २,४३१
वडा नम्बर ७- २,८५८
वडा नम्बर ८- २,५२२
वडा नम्बर ९- २,३०२
वडा नम्बर १०- २,८२०
वडा नम्बर ११- १,९८५

बसबरीया गाउँपालिका
वडा नम्बर १- २,९१९
वडा नम्बर २- २,४४९
वडा नम्बर ३- २,४०५

रामनगर गाउँपालिका
वडा नम्बर १- ४,०१०
वडा नम्बर २- २,७८२
वडा नम्बर ३- १,५९३
वडा नम्बर ४- २,६३८
वडा नम्बर ५- १,४९२
वडा नम्बर ६- २,६४१
वडा नम्बर ७- १,९५६

विष्णु गाउँपालिका
वडा नम्बर १- १,६२०
वडा नम्बर २- १,५३८
वडा नम्बर ३- २,०८६
वडा नम्बर ४- १,५८२






# एमाले मधेश प्रदेश कमिटी सदस्य बस्नेतसहित एक सय जना कांग्रेस प्रवेश



**खबर दर्पण समाचारदाता**

**माघ १२ गते, बर्दिवास**

केही दिनअघि पत्रकार सम्मेलनमार्फत पार्टी परित्यागको घोषणा गरेका नेकपा एमाले मधेश प्रदेश कमिटी सदस्य महेशकुमार बस्नेत नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ । सोमबार धनुषाको ढल्केवरमा आयोजित नेपाली कांग्रेस मिथिला नगरपालिका नगर कार्यसमितिको विस्तारित बैठक तथा पार्टी प्रवेश कार्यक्रममा उहाँ औपचारिक रूपमा कांग्रेसमा प्रवेश हुनुभएको हो ।

बस्नेतसँगै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) धनुषा जिल्ला सदस्य राजकुमार थापा र तत्कालीन नेकपा माओवादी केन्द्रबाट मिथिला नगरपालिका-१० का वडा अध्यक्ष प्रत्याशी शिवकुमार घिमिरेले पनि आ-आफ्नो पार्टी परित्याग गर्दै नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ । यसैगरी, जनता समाजवादी पार्टी, नेपाली कम्युनिस्ट पार्टी तथा वाइसिएलका सदस्यहरू समेत गरी करिब एक सय जना नेता-कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका छन् ।

नवप्रवेशीलाई नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधि, महेन्द्र यादव, जिल्ला सभापति योगेन्द्रप्रसाद साहलगायतका नेताहरूले अबिर र माला लगाएर पार्टीमा स्वागत गनगर्नुभएको थियो । कार्यक्रममा कांग्रेस नेताहरूले पछिल्लो समय विभिन्न दलबाट कांग्रेसप्रति आकर्षण बढ्दै गएको उल्लेख गर्दै संगठनलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो ।

कांग्रेस प्रवेशपछि बोल्दै महेशकुमार बस्नेतले एमालेभित्र आन्तरिक लोकतन्त्र कमजोर भएको, कार्यकर्ताको आवाज सुन्ने संस्कार नभएको तथा स्थानीय तहका जनसमस्याप्रति नेतृत्व गम्भीर नदेखिएको कारण एमाले परित्याग गर्न बाध्य भएको बताउनुभयो ।

# भारतीय दूतावासमा भारतको ७७औँ गणतन्त्र दिवस मनाइयो




**खबर दर्पण समाचारदाता**

**माघ १२ गते, बर्दिवास**

नेपालस्थित भारतीय दूतावासमा सोमबार भारतको ७७औँ गणतन्त्र दिवस विविध कार्यक्रमका साथ मनाइएको छ । कार्यक्रममा नेपालमा बसोबास गर्ने भारतीय समुदाय, भारतका मित्र राष्ट्रका प्रतिनिधि तथा दूतावासका अधिकारीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमको सुरुवात कार्यवाहक राजदूत (चार्ज द'एफेयर) डा. राकेश पाण्डेले राष्ट्रिय झण्डा फहराएर गरे । त्यसपछि भारतकी राष्ट्रपति द्रौपदी मुर्मुले ७७औँ गणतन्त्र दिवसको अवसरमा राष्ट्रका नाममा दिएको सन्देशको भिडियो प्रस्तुत गरिएको थियो ।

यस अवसरमा डा. पाण्डेले भारतीय सशस्त्र सेनामा सेवा गर्ने क्रममा निधन भएका सैनिकका विधवा तथा परिवारजनलाई सम्मान गर्दै आर्मी ग्रुप इन्स्योरेन्स फन्ड (ब्न्क्षँ) अन्तर्गत कुल ७ करोड २० लाख नेपाली रुपैयाँ बराबरका चेक हस्तान्तरण गरे ।

कार्यक्रममा पछिल्लो एक वर्षमा भारत-नेपाल सम्बन्धमा भएका महत्वपूर्ण प्रगतिहरू समेटिएको भिडियो पनि प्रदर्शन गरिएको थियो । साथै भारतीय दूतावासअन्तर्गत सञ्चालित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका विद्यार्थी तथा शिक्षकहरू र नेपाली कलाकारहरूको नृत्य तथा सांगीतिक प्रस्तुतीले समारोहलाई थप रंगीन बनाएको थियो ।

काठमाडौंमा आयोजित भारतको ७७औँ गणतन्त्र दिवस समारोहमा भारतीय समुदायका सदस्यहरू, नेपालमा रहेका भारतका मित्रहरू, दूतावासका अधिकारी तथा उनीहरूको परिवारजनको उत्साहजनक सहभागिता रहेको थियो ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,